मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

सूचना
'खुलेर बोलौं विभेद रोकौं'
'महिला हिंसाविरुद्ध शून्य सहिष्णुता कायम गरौं'
'दमनको प्रतिवाद गरी महिला हिंसा अन्त्य गरौं'
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २५ ◆ अङ्क : २०२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ असार ६ गते शनिवार (Saturday, June 20. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## बंगालले रोक्यो २२ नेपाली ट्रक

### नेपाली महावाणिज्य दूतावासको आग्रह–पत्रलाई बेवास्ता



**पार्थ मण्डल**

**भद्रपुर, असार ५।** पश्चिम बंगाल सरकारले नेपालका लागि कोलकातास्थित नेपाली महावाणिज्य दूतावासको आग्रह-पत्रलाई बेवास्ता गरेको छ ।

केन्द्रीय सरकारको निर्देशन विपरीत पश्चिम बंगाल राज्य सरकारले काँकरभिट्टा- रानीगञ्ज (पानीट्यांकी) नाकाबाट भारत तथा बंगलादेश निर्यात हुने नेपाली वस्तु ठप्प पारेपछि नेपाली महावाणिज्य दूतावासले बंगाल सरकारलाई ध्यानाकर्षण गराउँदै नाका सुचारु गराउने विषयमा लिखित पत्रमार्फत आग्रह गरेको थियो ।

नेपाली महावाणिज्य दूतावासको आग्रहलाई समेत बेवास्ता गर्दै बंगाल सरकारले भारत तथा बंगालदेश निर्यात हुन लागेको २२ वटा ट्रक मेची पुलमा रोकेर राखेका छन् ।

बंगाल सरकारले बिहीबार दिउँसोदेखि मेची पुलको सीमा नाकामै ट्रकहरू रोकेर राखेका हुन् । ती ट्रकहरूमा नेपाली वस्तु चिया, अलैंची र अम्रिसो लोड गरिएको छ । चिया र अलैंची भारत तथा अम्रिसो बङ्गलादेश निर्यात हुँदै आइरहेको छ । मेची पुलमा लामबद्ध रूपमा ट्रक रोकिँदा आयातमा समेत समस्या उत्पन्न भएको छ । मेची भन्सार कार्यालय काँकरभिट्टाबाट व्यवसायीले जाँच पास गरी भारत तथा बङ्गलादेश निर्यातका लागि ट्रकहरू पठाएको थियो ।

तर, बङ्गाल सरकारले आदेश नआएको भन्दै भारतीय सुरक्षाकर्मी र भन्सार कर्मचारीले मेची पुलमै गाडीहरू रोकिदिएको इलाका प्रहरी कार्यालय काँकरभिट्टाका डीएसपी राजेन्द्र पोखरेलले जानकारी दिए । 'कोरोना भाइरस संक्रमणको कारण बङ्गाल सरकारले सो नाकाबाट आयात मात्र खुलाएको छ, निर्यात नखुलाउँदा समस्या उत्पन्न भएको हो'- डीएसपी पोखरेलले भने ।' 'बंगाल सरकारले आदेश दिएपछि मात्र गाडी प्रवेश गर्न पाउँछ'- उनले भने- 'यसका लागि सबै तहबाट कुराकानी भइरहेको जानकारी प्राप्त भएको छ ।'

बंगाल सरकारले केन्द्रीय सरकारको आदेश नमान्दा काँकरभिट्टाबाट नेपाली वस्तु निर्यातमा समस्या उत्पन्न भएको नेपाल चिया उत्पादक संघ झापाका सल्लाहकार तथा चिया उद्योगी जेपी शर्माले बताए । बंगालले आयात

*(बाँकी अन्तिम पृष्ठमा)*

## झापामा पीसीआर ल्याबका लागि जनस्तरबाट ८० लाख

**तुलसीप्रसाद निरौला**

**विर्तामोड, असार ५।** 'एकका लागि एक' अभियानको अगुवाईमा झापामा कोरोना भाइरसको संक्रमण परीक्षण गर्न जनस्तरबाट पीसीआर प्रयोगशाला स्थापनाका लागि सहयोग रकम जुट्ने क्रम बढेको छ ।

झापाको सहारा नेपालसहित २५ वटा विभिन्न सामाजिक संघ-संस्थाको सहभागितामा शुरु गरिएको 'एकका लागि एक' अभियानका साझेदार संस्थाको बिर्तामोडमा भएको वैठकले झापामा कोरोना भाइरसको संक्रमण परीक्षण गर्न जनस्तरबाट पीसीआर प्रयोगशाला स्थापना गर्ने निर्णय गरेसंगै सहयोग रकम जुट्ने क्रम समेत बढेको हो ।

पछिल्लो समय झापामा कोरोना भाइरस संक्रमितहरुको संख्या बढेसंगै कोरोना भाइरस परीक्षणको दायरा बढाउन अभियानले झापामा जनस्तरबाट पीसीआर प्रयोगशाला स्थापना गर्ने निर्णय गरेको थियो । अभियानमार्फत विभिन्न सामाजिक संघ-संस्थाले सहयोग रकम प्रदान गर्ने घोषणा गरेको 'एकका लागि एक' अभियान सचिवालयका प्रमुख गोपाल भट्टराईले बताए ।

पीसीआर प्रयोगशाला स्थापनाका लागि झापाका सहकारी संघ-संस्थाको अभियानको तर्फबाट २५ लाख रुपैयाँ, अन्तर्राष्ट्रिय झापाली समाजको तर्फवाट २५ लाख रुपैयाँ सहयोग गर्ने निर्णय भइसकेको बताउँदै उनले 'एकका लागि एक' अभियानमार्फत विभिन्न सामाजिक संघ-संस्थाले ३० लाख रुपैयाँ सहयोग गरेको जानकारी दिए । झापामा पीसीआर प्रयोगशाला स्थापना

### 'एकका लागि एक' अभियान

गर्न करिब एक करोड १५ लाख रुपैयाँ लाग्ने अनुमान गरिएको बताउँदै उनले त्यसका लागि ८० लाख रुपैयाँ सहयोग र प्रतिवद्धता आएको जानकारी दिए ।

झापामा कोरोना भाइरस संक्रमितहरुको संख्या बढेसंगै कोरोना भाइरस परीक्षणको दायरा बढाउन नेपाल सरकार, प्रदेश सरकार र झापाका १५ वटै पालिकाहरुको सहयोग र समन्वयमा झापामा पीसीआर प्रयोगशाला स्थापना गर्न 'एकका लागि

*(बाँकी अन्तिम पृष्ठमा)*

### अन्तर्राष्ट्रिय झापाली समाजद्वारा २५ लाख

**झापा, असार ५।** अन्तर्राष्ट्रिय झापाली समाजले 'एकका लागि एक' अभियानको अगुवाईमा झापामा कोरोना भाइरसको संक्रमण परीक्षण गर्न जनस्तरवाट पीसीआर प्रयोगशाला स्थापनाका लागि २५ लाख रुपैयाँ प्रदान गर्ने निर्णय गरेको छ ।

समाजको बिहीबार साँझ बसेको अनलाइन बैठकले सो रकम झापाको सहारा नेपालसहित २५ वटा विभिन्न सामाजिक संघसंस्थाको सहभागितामा शुरु गरिएको 'एकका लागि एक' अभियानलाई उपलब्ध गराउने निर्णय भएको हो ।

'एकका लागि एक' अभियानको विशेष आग्रह तथा अन्तर्राष्ट्रिय झापाली समाजले चासो देखाएपछि विश्वभर रहेका झापालीमाझ रकम संकलन गरिएको थियो ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## जसले गरे भारतीय थिचो मिचोको कडा विरोध



**लीला उदासी**

यति बेला द्रोणाचार्य क्षत्री हुनुहुन्न । उहाँ बित्नु भएको पनि छब्बीस वर्ष पूरा भएको छ । समय बित्न बेर लाग्दैन । हिजो जस्तो लाग्छ, मैले २०५० सालको जेठ अन्तिममा अलइण्डिया मेडिकल इन्स्टिच्युट दिल्लीमा उहाँलाई छाडेर झापा आएको थिएँ । क्यान्सरसँग जुधिरहेको अवस्थामा २०५० साल असार ६ गते उपचारको क्रममा उहाँको निधन भएको थियो ।

म अहिले उहाँलाई झल्झली सम्झिरहेको छु । यस बेला उहाँ रहनु भएको भए, लिम्पियाधुरा फिर्ता लिने आन्दोलनको अगुवा मध्येको हुनु हुने थियो । लिम्पियाधुराबाट भारतीय सैनिक सहित भारतीय शासकहरूलाई लखेट्न योजना बुन्दै हुनुहुने थियो । त्यति बेलै महाकाली सन्धि दलबाट र संसदबाट पारित गर्नु हुँदैन भनेर उहाँले घमासान गर्नुहुने थियो ।

म अझ अगाडि जान्छु । २०२५ सालमा मैले पहिलोपटक द्रोणाचार्यलाई भेटेको थिएँ । त्यति बेला हामी झापाका अलग-अलग स्थानका शिक्षक थियौं । यद्यपि मैले उहाँको नाम २०२२सालमा

### द्रोणाचायको स्मृतिमा

झापामा भएको राष्ट्रिय साहित्य सम्मेलनका सन्दर्भमा सुनेको थिएँ । एसपी शैलेन्द्रका विरुद्धमा झापामा विद्यार्थी आन्दोलन भएको थियो र त्यो आन्दोलनमा पनि उहाँले नेतृत्वदायी भूमिका पूरा गर्नु भएको थियो । त्यसै ताका द्रोणाचार्य झापामा स्थापित युवा हुनुहुन्थ्यो । तत्काल भर्खरै स्थापना भएको, गोबिन्दमान श्रेष्ठ अध्यक्ष भएको अखिलको



केन्द्रीय सदस्य समेत भएर उहाँले राष्ट्रिय भूमिका पूरा गरी सक्नुभएको थियो ।

भद्रपुरमा एउटा नमूना स्कूल खुलेको थियो । उहाँ त्यसको प्रधानाध्यापक हुनुहुन्थ्यो । संयोग राम्रै रह्यो । म पनि त्यो स्कूलको शिक्षक बनें । हामीसँगै त्यो स्कूलमा शिक्षक भएपछि हाम्रा धेरै कुराहरू मिलेको हामीले महशुस गर्‍यौं । साहित्य, संस्कृति, सामाजिक र राजनीतिक गतिविधि, पत्रकारिता हाम्रा सरोकार र सहभागिताका विषयहरू थिए । यी सबै विषयहरूमा हामी एकाकार जस्तै भयौं । सँगै डेरा बस्यौं । मीठो-मसिनु खायौं र भोक पनि सँगै खप्यौं । कविता लेख्यौं । समाचार लेख्यौं । पर्चा र चर्चा पनि लेख्यौं ।

हामीले पञ्चामृत नामक मासिक साहित्यिक पत्रिका चलाएका थियौं । त्यो पत्रिका प्रगतिशील समूहको मुखपत्रका रूपमा पनि मानिन्थ्यो । शुरुमा राधाकृष्ण मैनाली प्रकाशक र वासुदेव शर्मा सम्पादक भएर चलेको पत्रिका शर्मा भद्रपुरबाट काठमाडौ जानु भएपछि सम्पादकमा राधाकृष्ण मैनाली, रुद्र खरेल र म लीला उदासी भएर चलायौं । अट्ठाइसौं अङ्कमा स्थानीय

*(बाँकी अन्तिम पृष्ठमा)*

## कोरोना बारे बालबालिकाको अनुभव साटासाट

**झापा, असार ५।** विश्वभर फैलिएको कोभिड-१९ का कारण लकडाउनमा घरमै बस्न बाध्य नेपाली बालबालिकाको आफ्नो अनुभव साटासाट गरेका छन् । गैर आवासीय नेपाली संघ अन्तर्गतको विश्व स्वास्थ्य समितिको संयोजनमा जुममार्फत भएको भेलामा २० देशका १२ वर्षमुनिका नेपाली बालबालिका सहभागी भए ।

सहभागीको कोरोना कहरमा आफूले भोगेको अनुभव मन खोलेर सुनाएका थिए । सभ्यता शर्मा (१०) र एलिस कार्की (१२)ले सञ्चालन गरेको कार्यक्रममा नेपाललगायत अष्ट्रिया, नाइजेरिया, क्यानडा, साउदी अरब, अमेरिका, जापान, बहराइन, इटाली, चीन, कतार, युएई, दक्षिण कोरिया, बेलायत लगायत देशमा रहेका दोस्रो पुस्ताका नेपाली बालबालिका सहभागी थिए ।

कार्यक्रममा औरुस लम्साल, टीया आचार्य, अभिराजथिवी, अश्मी अधिकारी, दिलाशा शर्मा, जयान मोहम्मद सैयद, कृती, तिमल्सिना, कृतिका राउत, कृष्णा थापा, निर्भिक अर्याल, लियाना अहमद, प्रसिद्ध पन्त, साक्षी भट्टराई, शैलेश शर्मा, सियोअन थापा, स्मिड गैरे, स्नेहा चौधरी, युभरानी गुरुङ, आयुषा कँडेल, सभ्यताशर्मा, एलिश कार्की लगायतले कोरोना कहरको अनुभव सुनाए ।

दुई दर्जनभन्दा बढी बालबालिका सहभागी उक्त कार्यक्रममा ५ वर्षदेखि १२ वर्षसम्मका बालबालिकाको रमाइलो छलफल रहेको थियो । सबैभन्दा कम उमेरकी युभरानी गुरुङ

*(बाँकी अन्तिम पृष्ठमा)*

## खर्च अभावमा २ महिनादेखि उपचारमा समस्या

**बिर्तामोड, असार ५।** झापाको बिर्तामोड-३ निवासी एक महिलाको उपचारमा समस्या देखिएको छ । दुवै मृगौलामा खराबी आएपछि उपचारका लागि रकम अभाव भएसंगै प्रगतिनगरकी धनमाया तामाङको उपचारमा समस्या आएको हो ।

खर्च अभावमा उपचार गर्न नसकेकी तामाङको उपचारमा सहयोग पुर्‍याइदिन गंगामाया तथा नरबहादुर बस्नेत क्यान्सर पीडित सहयोग संस्था झापाले आर्थिक सहयोगका लागि अभियान सञ्चालन गर्ने भएको छ ।

गरिवी, चेतना र खर्च अभावका कारण कोही पनि नमरुन् भन्ने उदेश्यका साथ सञ्चालन भएको संस्थाले 'धनमाया तामाङ बचाउ अभियान' सञ्चालन गर्ने भएको शुक्रवार पत्रकार भेटघाट गरी जानकारी दिएको हो ।

आर्थिक अवस्था एकदमै नाजुक भएकी ४२ बर्षिया तामाङलाई एक छाक खाना र खाजा खर्च कटाएर सवैले सहयोग गरिदिन संस्थाका अध्यक्ष भूपाल बस्नेतले सबैमा अपिल समेत गरेका छन् । अध्यक्ष बस्नेतले कोरोना भाइरस महामारीका कारण लकडाउन भएकाले ब्यानर बोकेर सहयोग लिन नसकिने भएकाले सहयोग गर्नेले तामाङका छोरा वीरबहादुर तामाङको मोवाईल नं. ९८२३७९१६२०मा वा संस्थामा सम्पर्क गर्न सवैलाई आग्रह गरेका छन् । उनले यो अभियानबाट १ लाख रुपैयाँ संकलन गरी उपचारलाई नियमित गराउने आश रहेको बताए ।

त्यसैगरी बिर्तामोड नगरपालिका वडा नं. ३का अध्यक्ष भोजराज सिटौलाले

*(बाँकी अन्तिम पृष्ठमा)*

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

**विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा 'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष' खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।**

**बैंकको नाम:** राष्ट्रिय बाणिज्य बैंक
**शाखा:** सिंहदरबार परिसर
**खाताको नाम:** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**



# संगीतमा पनि भण्डारीको छुट्टै बिरासत

धसंगीतले समाज रुपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । ठूलाठूला क्रान्ति सफल बनाउन पनि संगीतको सहारा लिइएको छ । नेपालमा भएका राजनीतिक घटना परिघटनामा पनि संगीतको सहारा लिएका दृष्टान्त छन् । झापाली स्रष्टा चन्द्र भण्डारीको "अन्तिम विजय हाम्रै हो" राजनीतिक परिर्वतनका लागि कुनै समय चर्चाको शिखरमा थियो । जुन गीत बामपन्थी आन्दोलनबाट समाज रुपान्तरणका लागि सहयोगी भयो ।

गीत संगीतकै कारण समाज रुपान्तरण गर्न सकिन्छ भन्ने सन्देश दिएका भण्डारी झापाको शान्तिनगरमा बुवा पद्मप्रसाद र आमा ललितादेवी भण्डारीको १५औं सन्तानको रुपमा जन्मिएका थिए । सानैबाट जिज्ञासु भण्डारी संगीतमा मात्र सीमित छैनन्, उनको समाज रुपान्तरणको अर्को दबिलो पाटो हो पत्रकारिता । कान्छो सन्तानका रुपमा वि.स. २०१३ फागुन २२ गते साविक शान्तिनगर-९ मा जन्मिएका भण्डारी पत्रकारिता क्षेत्रका अग्रज व्यक्ति हुन् ।

२०२५ सालबाट झापाबाट प्रकाशित सूर्योदय, आलोक लगायतका पत्रपत्रिकामा छिटफुट रुपमा लेखरचना प्रकाशन गर्दै पत्रकारिताको आरम्भ गरेका भण्डारीले २०३५ सालदेखि काठमाडौंबाट प्रकाशित मातृभूमि, नव सन्देश जस्ता पत्रिकामा काम गर्न थाले । २०४६ सालको परिवर्तन पछि नेपाल पत्रकार संघ स्थापना भएको र सो संघमा उनले सचिवको भूमिका निर्वाह गर्न भ्याए ।

२०५१ सालमा नेपाल पत्रकार महासंघका संस्थापक महासचिव समेत भएका पत्रकार भण्डारीले राजधानीमै बसेर पत्रकारिता गरे । उनले काठमाडौं बसाइको क्रममा प्रकाश साप्ताहिक, सारांश मासिक पत्रिकाको सम्पादन समेत गरेका थिए । झापाको युगज्ञान साप्ताहिकबाट पत्रकारितालाई निरन्तरता दिएका भण्डारी अहिले कञ्चनजंघा एफएमका प्रबन्ध निर्देशकको भूमिकामा छन् ।

मेची अञ्चलमै पहिलो विद्युतीय सञ्चार माध्यमको उदय गराएर छुट्टै छबि बनाउन सफल भण्डारीले विद्युतीय सञ्चार माध्यमबाट पनि समाज रुपान्तरणको काम गरिरहेका छन् । समाज सशक्तिकरण गराउन उनले खेलेको भूमिका प्रशंसनीय छ । आवाजविहीनको आवाज बनेर अहिले पनि आफूलाई समाज रुपान्तरणको अभियन्ताका रुपमा उभ्याएका छन् भण्डारीले ।

पत्रकारिता शुरु गर्नु अघि राजनीतिमा सक्रिय भएका भण्डारीले ९ वर्ष ८ महिना कारागारको जीवन बिताएका छन् । झापा जेलबाटै २०३१ सालमा एसएलसी दिएका भण्डारीले इतिहास र राजनीति शास्त्रमा स्नातकोत्तर गरेका छन् । पञ्चायती व्यवस्थाविरुद्ध सक्रिय रहेका भण्डारी राजनीतिक परिर्वतन नभएसम्म मुलुकको विकास हुन नसक्ने विचार राख्थे । सानै उमेरदेखि राजनीतिमा होमिँदा उनले थुप्रै कष्ठ व्यहोरेका छन् । पञ्चायती व्यवस्थाको अन्त्य गर्दै मुलुकमा प्रजातन्त्र पुनः स्थापनाका लागि भण्डारीले विद्यार्थी जीवनदेखि नै राजनीतिक संगठनलाई तीव्रता दिएका थिए । भण्डारीले तत्कालीन नेकपा एमालेको विभिन्न जिम्मेवारी सम्हाल्न समेत भ्याएका थिए । 'झापा आन्दोलन'बाट प्रभावित भएका भण्डारीले २०४६ सालको परिर्वतनका लागि संघर्ष गर्दा पटक/पटक जेल जानु परेको थियो । उनले झापा कारागारदेखि काठमाडौंको नख्खू जेल, सेन्टर जेलसम्मको कठोर जेल जीवन बिताएका छन् । अखिल छैंठौंको केन्द्रीय अध्यक्ष समेत भएका भण्डारीले २०५३ सालमा मेची नगरपालिकाको उपमेयरको जिम्मेवारी समेत सम्हालेका थिए ।

तत्कालीन झापा जिल्लाको कान्छो नगरपालिकाको रुपमा रहेको मेचीनगर नगरपालिकाको निर्वाचनमा उनले सर्वाधिक मत प्राप्त गर्दै उपमेयरको जिम्मेवारी सम्हालेका थिए । उपमेयरकै अवस्थामा उनले २०५८ मा रेडियो सञ्चालन गरेका थिए । कञ्चनजंघा एफएम रेडियो अहिले पूर्वकै सर्वाधिक लोकप्रिय र जनप्रिय विद्युतीय सञ्चारमाध्यमको रुपमा स्थापित छ । रेडियो कार्यक्रम उत्पादन र प्रशारणमा निक्कै अब्बल देखिएका भण्डारीले अहिले पनि महिनामा ३५ वटा कार्यक्रम सञ्चालन गर्दै आएका छन् । भारत चीन लगायत ३८ देशको भ्रमण गरेका भण्डारी अहिले पनि साहित्य र पत्रकारिताको क्षेत्रमा सक्रिय छन् ।

लेखन कार्यमा समेत सक्रिय भण्डारीका अहिले चारवटा पुस्तक प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

राजनीतिसंगै संगीत सर्जकका रुपमा आफ्नो छवि उच्च राखेका भण्डारीले ३०० भन्दा बढी गीत संगीतको रचना गरेका छन् भने तीन वटा एल्वम सार्वजनिक गरेका छन् । गीत संगीतकै माध्यमबाट समाजलाई जागरुक बनाउन सकिन्छ भन्ने धारणा राख्ने भण्डारी गाउँ/गाउँमा पुगेर गीत संगीतको माध्यमबाट सचेतना फैलाउन सक्रिय रहन्छन् । "अन्तिम विजय हाम्रै हो "भाग १,२ र ३ प्रकाशन गरेका भण्डारीका २६ वटा गीत अहिले पनि रेकर्डका लागि तयारी अवस्थामा छन् । वि.सं. २०४६ सालमा लीना भण्डारीसंग वैवाहिक जीवनमा बाँधिएका भण्डारीका दुई छोरा सुव्रत र प्रशान्त तथा एक छोरी आरती रहेकी छिन् ।

यसै वर्षको पूर्वाञ्चल दैनिक मदन ढकाल स्मृति पत्रकारिता पुरस्कार २०७५ बाट पुरस्कृत भण्डारी देश तथा विदेशमा रहेका ५० भन्दा बढी संघसंस्थाबाट सम्मानित एवम् पुरस्कृत भएका छन् ।

राष्ट्र राष्ट्रियता र आफ्नो सार्वभौम अधिकारका लागि कसैसंग कुनै प्रकारको सम्झौता नगर्ने भण्डारी केही समययता अस्वस्थ छन् । उनको गत आइतवार राति टाउकोको शल्यक्रिया गरिएको छ । बिर्तामोडस्थित बिर्ता सिटी अस्पतालमा भण्डारीको शल्यक्रिया गरिएको हो । मस्तिष्कको नशामा रगत जमेपछि भण्डारीको शल्यक्रिया गरिएको थियो । न्यूरो सर्जन डा. चन्द्रप्रकाश लिम्बूसहितको टोलीले गरेको शल्यक्रिया सफल भएपछि भण्डारीको स्वास्थ्य अवस्था सुधारोन्मुख छ । श्रीअन्तु प्रकाशन प्रालि तथा पूर्वाञ्चल दैनिक परिवार पत्रकार भण्डारीको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

प्रस्तुतिः **सुरेन्द्र भण्डारी**

---

## जसले ...

प्रशासनले यो पत्रिकामा प्रतिबन्ध लगायो । प्रिन्ट लाइनमा ज-जसको नाम भए पनि यसको प्रकाशनमा द्रोणाचार्य क्षत्रीको सहभागिता महत्वको हुन्थ्यो । भारतले सीमा मिच्दा यसले गरेको बिरोध स्मरणीय रहन्छ । पञ्चामृतका सुस्ता अङ्क र महेशपुर अङ्क उदाहरण हुन् । सुस्ता, घाइते झापा र मेरो देशको सार्वभौमिकता' जस्ता कविताका सर्जक द्रोणाचार्यले भारतीय थिचोमिचोको कडा बिरोध गर्नुभएको छ ।

म त पार्टीको सामान्य समर्थक रहेर सामाजिक, राजनीतिक गतिविधिमा साथ लाग्थें । द्रोणाचार्य क्षत्री नेपाल कम्युनिष्ट पार्टीको जिल्ला कमिटीमा हुनुहुन्थ्यो । मदन खपाङ्गी जिल्ला संगठन कमिटीको सचिव हुनुहुन्थ्यो । जो पूर्व कोशी प्रान्तीय कमिटी अन्तर्गत थियो । झापा जिल्ला कमिटीमा टीकाप्रसाद सापकोटा, तिलबिक्रम ढकाल, भ्रमणसिंह राजवंशी, केर्कु राजवंशी, राधाकृष्ण मैनाली, दुर्गा दुलाल आदि हुनुहुन्थ्यो । गोपाल कृष्ण प्रसाई पूर्वकोशी प्रान्तीय कमिटीको सदस्य र झापा जिल्ला कमिटीको इञ्चार्ज हुनुहुन्थ्यो । पछि मोहनचन्द्र अधिकारी आउनुभयो ।

गोपालकृष्ण प्रसाईंका बारेमा स्थानीय नेता कार्यकर्ता सन्तुष्ट थिएनन् । किसानसँगको व्यवहारमा उहाँका बारे प्रश्न उठिरहन्थ्यो । त्यही काल खण्डमा सीपी, केपी, रुद्र खरेल, हरिचरण शिवाकोटी लगायतका युवा विद्यार्थी समूहको अगुवाई बढेको थियो । झापाली युवाहरू पूर्व कोशीसँग सन्तुष्ट थिएनन् । पारी नक्सलपन्थी आन्दोलन बिकसित अवस्थामा थियो । आन्दोलनका कतिपय कुराहरू अतिरञ्जित रूपमा पनि चर्चामा रहन्थे । तिनले झापाली युवामा एक प्रकारको उत्तेजना र विद्रोह जाग्थ्यो । यीनै भावभूमिमा झापाली विद्रोहको कथा शुरु भयो, २०२८ सालमा ।

यो विद्रोह पूर्वकोशी, झापा संगठन कमिटी समेतसँगको विद्रोह थियो । द्रोणाचार्य क्षत्री यो विद्रोहमा सहमत हुनुहुन्थेन । त्यसैले केही समय उहाँको कार्यशैलीमा फरकपन रह्यो । पत्रकार र मानवअधिकारकर्मीका रूपमा विभिन्न स्थानमा कार्यरत रहनुभयो । उहाँको सक्रियता केही समयका लागि अलग धारबाट चल्यो ।

२०३६ सालले पुनः उहाँलाई राजनीतिको मूल धारमा तान्यो । त्यो समयमा झापा विद्रोहबाट उठेर कोअर्डिनेशन केन्द्र हुँदै नेकपा माले गठन भइसकेको थियो । २०३६ सालमा जनमत संग्रहको घोषणा भएपछि मालेले जनमत संग्रहलाई - देशी विदेशी षड्यन्त्र र धोका हो यसलाई बहिष्कार गरौं- भनेर आह्वान गरेको थियो । २०३६ सालको जेठमा घोषणा भएको जनमत संग्रहलाई माघमा गएर - नेपाली क्रान्तिको उपज हो यसलाई उपयोग गरौं- भन्दै पुनः मतदानको केही दिन पूर्व नीतिगत बहिष्कारको आव्हान गरेको थियो ।

यता झापामा, झापा विद्रोहको कारणबाट वामपन्थी शक्तिविरुद्धमा सरकारी दमन तीव्र थियो । २०२८ सालपछि ६, ७ वर्ष झापामा बाम शक्तिका विरुद्धमा सरकारले जे पनि गरेको समय थियो । सुखानीसहित विभिन्न स्थानमा हत्याकाण्डहरू भए । सयौं व्यक्तिहरू पक्राउ परे । अनेकलाई मुद्दा लगाइयो । भूमिगत हुने र निर्वासनमा जाने क्रम बढ्यो ।

जनमत संग्रहको घोषणा पश्चात् सी के प्रसाईले बहुदलको प्रचारमा वामपन्थी युवाहरूको साथ लिन रुचाउनु भएको थियो । केही आमसभा पश्चात् कांग्रेसको केन्द्रले वामपन्थी सँग-सँगै नजान निर्देशन गरेको भनेर आपसी सहयोगमा अलग-अलग कार्यक्रम गर्ने प्रस्ताव सी के प्रसाईले गर्नुभयो ।

झापामा वामपन्थी शक्ति तत्काल छिन्न-भिन्न र प्रतिकूल अवस्थामा थियो । यसका बाबजुद जनमत संग्रहको प्रचारको कुरामा जोडिएर झापाका प्रगतिशील शक्तिहरूको एउटा समूह बन्यो । जनमत प्रचारको कार्य अगाडि बढ्यो । नरेशकुमार बर्माको संयोजकत्वमा गोपालकृष्ण प्रसाई, मदन खपाङ्गी, द्रोणाचार्य क्षत्री, लीला उदासी समेत रहेको एउटा देशभक्त प्रगतिशील समूह बन्यो र बहुदलको प्रचारप्रसार गर्ने काम भयो । प्रचारप्रसारको कार्यलाई जिल्ला व्यापी बनाइएको थियो । यसले ठूला-ठूला आमसभा गर्‍यो । ४, ५ वटा आमसभालाई मनमोहन अधिकारीले सम्बोधन गर्नुभएको थियो । मनमोहन अधिकारीको सम्बोधनले युवा विद्यार्थी, किसानसहित सर्वसाधारणमा ठूलो उत्साह र लहर सिर्जना भयो । झापामा राम्रै किल्ला निर्माण भयो । पञ्चायत र प्रशासनले जनमत संग्रहमा षड्यन्त्र र जालझेलका लागि अलिक धेरै पसिना बगाउनु पर्‍यो ।

यस दौरानमा कम्युनिस्ट एकताका लागि केही कार्यहरू भए । २०३६ साल भाद्र २४ गते आठ वाम पन्थी समूहको संयुक्त प्रदर्शनले राष्ट्रव्यापी उत्साह र लहर ल्याएको थियो । जनमत संग्रहका लागि पाँच पूर्व शर्त अगाडि सारिएको थियो । तत्काल नेपाली काँग्रेस र नेकपा माले फरक धारमा नगएको भए तत्कालमै बहुदल प्राप्त हुने थियो । छत्तीस साले यी आन्दोलनहरूमा द्रोणाचार्यको भूमिका महत्वको थियो । जनमत संग्रहको दौरानमा द्रोणाचार्यको राजनीतिक उचाइले राम्रै आकार लिएको थियो ।

त्यस लगत्तै सीपी मैनाली, झलनाथ खनालहरूले द्रोणाचार्यको खोजी गरे । आरके, केपी लगायतका जेलमा रहेका नेताहरूसँग उहाँको सम्पर्क भयो । झापा आन्दोलनको उद्गमस्थानबाट अगाडि बढेर माले भइसक्दासम्म पूर्ववर्ती धारणामा परिमार्जन समेत भइ सकेको थियो । उहाँ मालेको निकट भएर काम गर्न थाल्नुभयो । भूमिगत रहेको पार्टीका लागि खुल्ला सम्पर्क कुशलताका साथ गर्न सक्ने र सुदृढ कार्य क्षमता भएका द्रोणाचार्यको भूमिका उर्वर र मलजल बन्यो । मालेका खुला कामहरूमा उहाँको सहभागिता उल्लेख्य रह्यो । मालेले उहाँलाई राष्ट्रिय पञ्चायतमा जनपक्षीय उम्मेदवार बनायो र बिजयी गरायो ।

जनपक्षीय रापंसका रूपमा निर्वाचित पद्मरत्न तुलाधर, द्रोणाचार्य क्षत्री, सोमनाथ अधिकारी प्यासी, जागृत प्रसाद भेट्वाल लगायतका व्यक्तिहरूले राष्ट्रिय पञ्चायत हल्लाए । सदनमा बहुदलको प्रस्ताव आयो । पञ्चायत व्यवस्थामा यस्तो माग असामान्य मानिन्थ्यो । उहाँहरू केही व्यक्तिले सबल प्रतिपक्षको भूमिका पूरा गर्नुभएको थियो ।

२०४६ सालको जनआन्दोलनका सन्दर्भमा द्रोणाचार्यको भूमिका सशक्त रह्यो । आन्दोलनको नेतृत्व गर्ने क्रममा २०४६ साल फागुन ७ गते झापाको मुक्तिचोकबाट उहाँ पक्राउ पर्नुभएको थियो । (त्यति बेला मुक्ति चोक नामकरण भएको थिएन) बहुदलको घोषणा भएपछि मात्र जेलबाट छुट्नु भयो ।

२०४८ सालको आम चुनावमा उहाँ झापाको तत्कालको १ नं. हालको ३ नं संसदीय निर्वाचन क्षेत्रबाट एमालेको उम्मेदवार बन्नुभयो र प्रतिनिधि सभा सदस्य निर्वाचित हुनुभयो । राष्ट्रिय पञ्चायत सदस्यको भूमिका पूरा गर्दाको अनुभव समेतबाट उहाँले एमाले संसदीय दलमा र संसदमा प्रभावकारी भूमिका पूरा गर्नुभएको थियो ।

मेरो स्मृतिमा ताजै छ, म रक्त क्यान्सर घोषणा भएको मेरो छोरालाई नर्थबंगाल क्लिनिक शिलगढीमा रुङेर बसेको थिएँ । दिल्ली रेफर गरिएको थियो । राति द्रोणाचार्य शिलगढी पुग्नुभयो र हामी भोलिपल्ट दिल्लीका लागि उड्यौं । उपचारको व्यवस्था गरेर द्रोणजी नेपाल फर्कनुभयो । यो समय २०४९को तिहार ताकाको हो । म लामो समय दिल्लीमा बसें । २०५० सालको वैशाखमा एक दिन उहाँ मेरो कोठामा दिल्लीमा पुग्नुभयो । नेपालमा डाक्टरहरूले उहाँलाई पनि क्यान्सर भएको आशंका गरेको रहेछ । अस्पतालमा जचाएर जाँचबुझ गर्ने क्रममा क्यान्सर पुष्टि भयो । उपचारकै क्रममा २०५० साल असार ६ गतेका दिन उहाँको दिल्लीमै निधन भयो । यसरी एक देशभक्त सपूत तथा निम्न वर्गका नेपाली जनताका मित्र, राज नेता द्रोणाचार्य क्षत्रीको इहलीला समाप्त भयो ।

द्रोणाचार्य क्षत्रीका केही विशेषता थिए । उहाँ सादा जीवन उच्च विचारका धनी हुनुहुन्थ्यो । २०२२ सालमै नुनिला आँसु कथा संग्रहका लेखक उहाँ राम्रा कविता लेख्नु हुन्थ्यो । सरलता, निम्न वर्गका मानिससँग मिलजुलको क्षमता जस्ता असाधारण गुण उहाँमा थिए । आफू भोकै बसेर पनि सर्वसाधारणको सेवामा रमाउन चाहने उहाँका अद्भुत गुण थिए । व्यक्तिगत तथा पारिवारिक हितमा उहाँ कहिले पनि लाग्नुभएन । बाँचुन्जेल उहाँ डेरामा बस्नुभयो । परिवारलाई ओतसम्म दिन सोच्नु भएन । उहाँको नाममा उहाँको कर्मथलो भद्रपुरमा द्रोणाचार्य स्मृति प्रतिष्ठान गठन भएको छ । मुलुकमा भ्रष्टाचार र कमिसनको राप तीव्र भएको अवस्थामा द्रोणाचार्यका असल बिचार र व्यवहार अहिले बीऊका रूपमा छर्नु र हुर्काउनु पर्ने बेला भएको छ । हार्दिक श्रद्धाञ्जलि द्रोणाचार्य क्षत्रीज्यूलाई ।

## कोरोना बारे ...

५ वर्षकी हुन् । बालबालिकाले सो कार्यक्रममा आफूले कोरोनाको कारणले भोग्नुपरेका समस्या, आफ्नो दैनिकीमा आएका परिवर्तनका बारेमा एकापसमा छलफल गर्दै भविष्यमा भएका उनीहरुका योजनाका बारेमा पनि सबैमाझ प्रस्तुत गरेका थिए ।

कार्यक्रमको संयोजन गैरआवासीय नेपाली संघ अन्तर्गतको विश्व स्वास्थ्य समितिको तर्फबाट विमला सापकोटा, डा. सञ्जीव सापकोटा, सत्य चौधरी, यस्मिन बेगम सैयदले गरेका थिए । सो कार्यक्रमलाई गैरआवासीय नेपाली संघको आधिकारिक पेजबाट प्रत्यक्ष प्रशारण गरिएको थियो ।

## अन्तर्राष्ट्रिय ...

अन्तर्राष्ट्रिय झापाली समाजले ४० वटा देशमा रहेका भगिनी समाजसँग संस्थागत सहयोग संकलन गरेको थियो । अन्तर्राष्ट्रिय झापाली समाजका प्रवक्ता बालहरि राईले विज्ञप्ति निकालेर 'एकका लागि एक' अभियानलाई रकम प्रदान गर्ने जनाएका हुन् ।

अन्तर्राष्ट्रिय झापाली समाजका अध्यक्ष छत्र सुब्बाको अध्यक्षता तथा संरक्षक दिनेश पोखरेलको विशेष उपस्थितिमा बसेको बैठकमा वरिष्ठ उपाध्यक्ष दिपक खनाल, उपाध्यक्षहरु दीपक ओली, नविन पोखरेल, दीपक चुडाल, महासचिव खेमराज जमरकट्टेल, कोषाध्यक्ष चूडामणि कार्की लगायत कार्यसमिति सदस्यहरुको सहभागिता थियो ।

प्रदेश १मा संकलन भइरहेको न्याल संख्या (भिटिएम) को तुलनामा ल्याबको अभाव छ । प्रदेश १को सबैभन्दा बढी कोरोना संक्रमित जिल्ला झापा हो । समाजले कोरोनाको उच्च जोखिममा सीमावर्ती जिल्ला झापा रहेकाले पीसीआर ल्याब जरुरी रहेको विज्ञप्तिमा उल्लेख गरेको छ ।

अन्तर्राष्ट्रिय झापाली समाजले शुरु गरेको अनलाइन रकम संलकन अभियानबाट हालसम्म ६ हजार ६४७ अस्ट्रेलियन डलर प्राप्त भइसकेको छ । आठ दिनअघि शुरु गरिएको गोफन्डमी अभियानमा ४७ जनाले व्यक्तिगत सहयोग गरिसकेका छन् । गोफन्डमीमा रकम संकलन जारी राखिएको छ ।

अन्तर्राष्ट्रिय झापाली समाजले झापाका १५ वटै स्थानीय तह र जिल्ला प्रशासन कार्यालयलाई एक सयका दरले पीसीआर टेस्ट ट्युब प्रदान गरी सकेको छ । त्यस्तै, अन्तर्राष्ट्रिय झापाली समाजले कमल गाउँपालिकाका बाढी पीडित ९ परिवारको घर बनाइदिएको थियो भने तीनवटा एम्बुलेन्स झापामा सञ्चालनमा छन् । अन्तर्राष्ट्रिय झापाली समाज विश्वभर छरिएर रहेका झापालीहरुको छाता संगठन हो ।

कार्यक्रमको सहजीकरण सम्वाद समूहले गरेको थियो । प्रयोगशाला स्थापना तथा सञ्चालनका लागि प्रदेश तथा स्थानीय सरकारसँग समन्वय र सहकार्य गरिने बताइएको छ ।

## बंगालले ...

खुलाउँदा चाहिँ हुने, निर्यात बन्द गर्नु बेठीक भएको बताउँदै उद्योगी शर्माले भने- 'दुई देशका सरकारको सम्झौता विपरीत बंगालले सीमा नाकामा अवरोध खडा गरेको हो । अब बंगाल सरकारले यस्तै गर्छ भने त्यहाँबाट आयात हुने सबै गाडी सीमामै रोक्न यहाँका व्यवसायी पछि हट्दैनन् ।'

नेपाली महावाणिज्य दूतावासले बंगाल सरकारलाई पठाएको पत्रमा नेपाली महावाणिज्य दूतावास कोलकाताले जुन ४ तारिख अर्थात् जेठ २२ गते पश्चिम बंगाल सरकारलाई काँकरभिट्टा-रानीगञ्ज (पानीट्यांकी, नक्सालबारी) नाकाबाट निर्यात बन्द भएकोले त्यसलाई तत्काल शुचारु गराउन लिखित-पत्रमार्फत आग्रह गरेको छ ।

नेपाली महावाणिज्य दूतावासका निमित्त बाणिज्यदूत नारायणप्रसाद शर्माले बंगाल सरकारका मुख्य सचिव राजीव सिंहलाई सो पत्र लेखेका हुन् । पत्रमा भनिएको छ- निरन्तर तथा सहज रूपमा सो नाकाबाट आयात मात्र भइरहेकोले निर्यात पनि खुलाइदिन ध्यानाकर्षण गराइन्छ ।

भारत सरकारको गृहमन्त्रालयबाट मिति १७ मे २०२० मा प्राप्त भएको पत्रमा समेत काँकरभिट्टा- रानीगञ्ज नाकाबाट सरसामान सुचारु गराउने र पहिला जस्तै गरी आयात तथा निर्यातलाई सहज बनाउने भनी उल्लेख गरिएको विषयमा समेत बंगाल सरकारलाई बुझाएको पत्रमा उल्लेख गरिएको छ ।

## झापामा ...

एक' अभियानले द्रुत गतिमा कार्य अघि वढाइएको 'एकका लागि एक' अभियानका संयोजक महेन्द्रकुमार गिरीले जानकारी दिए ।

उनले पीसीआर प्रयोगशाला स्थापनाका लागी झापाको विर्तामोड, अर्जुनधारा र कनकाई नगरपालिकामा जग्गा र भवनको खोजी कार्य गरिरहेको, प्रदेश सरकारसंग दर्ता, स्वीकृति र मान्यता दिनका लागि छलफल र पहल भइरहेको र झापाका १५ वटै पालिकाहरुसंग पीसीआर प्रयोगशाला सञ्चालन गर्ने खर्च , कोरोना परीक्षण प्रयोगशालालाई भविष्यमा जनस्वास्थ्य प्रयोगशाला बनाउन समन्वय गर्न छलफल भइरहेको उनले बताए ।

कोरोना भाइरसको पीसीआर परीक्षणका लागि प्रदेश १मा तीनवटा प्रयोगशाला भए पनि कोरोना भाइरस संक्रमितहरुको संख्या बढेसंगै प्रत्येक प्रयोगशालाले सवैभन्दा वढी कोरोना संक्रमितको पीसीआर परीक्षण गर्न नसक्ने भएकाले झापामा पीसीआर प्रयोगशाला स्थापना गर्न 'एकका लागि एक' अभियान लागीपरेको उनले बताए ।

झापामा कोरोना भाइरसको संक्रमण परीक्षण गर्न जनस्तरबाट पीसीआर प्रयोगशाला स्थापनामा सहयोग गर्न सवैलाई आग्रह गरिएको 'एकका लागि एक' अभियानका सहसंयोजक बिनोद बस्नेतले बताए । देशबिदेशबाट 'एकका लागि एक' अभियानलाई सहयोग प्राप्त भइरहे पनि पीसीआर प्रयोगशालाका लागि थप सहयोग आवश्यक भएकोले 'एकका लागि एक' अभियानले संघ-संस्था र व्यक्तिलाई सहयोगको अपिल गरेको सहसंयोजक बस्नेतले बताए ।

प्रदेश १मा जनस्वास्थ्य परीक्षण प्रयोगशाला विराटनगर, विराटनगरको कोशी अस्पताल, धरानको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अहिले कोरोना भाइरसको पीसीआर परीक्षणका भइरहेको उनले बताए ।

'एकका लागि एक' अभियानले पहिलो चरणमा झण्डै दुई हजार विपन्न परिवारलाई खाद्यान्न वितरण गरेको, विभिन्न क्वारेन्टिनमा आश्रय लिएर बसेका तथा झापाका चोक बजारमा भोकै बस्न बाध्य १० हजार मजदुरलाई तयारी खाना खुवाएको अभियानका साझेदार संस्था वीरता जेसीजका अध्यक्ष मिजाश पोखरेलले बताए ।

त्यस्तै 'एकका लागि एक', अभियानले एक हजार ५० थान भाइरल ट्रान्सपोर्ट मिडियम (भीटीएम) किट कोरोना भाइरस रोकथाम तथा नियन्त्रण, उपचार समन्वय तथा अनुगमन समिति झापालाई उपलब्ध गराइएको 'एकका लागि एक' अभियानका साझेदार संस्था वीरता जेसीजका अध्यक्ष तथा भीटीएम किट खरिद तथा हस्तान्तरण कार्यक्रमका संयोजक पोखरेलले बताए ।

'एकका लागि एक' अभियानको कोषमा हालसम्म ७० लाख रुपैयाँ जम्मा भइसकेको सचिवालयका प्रमुख गोपाल भट्टराईले बताए । हालसम्म क्वारेन्टीन व्यवस्थापन, खाद्यान्न र स्वास्थ्य सामग्री खरिदमा ४० लाख रुपैयाँ खर्च भएर ३० लाख रुपैयाँ वचत भएको उनले जानकारी दिए ।

'एकका लागि एक' अभियानलाई देश तथा विदेशमा रहेका ६५ वटा सामाजिक संघ-संस्था र सात सय जना भन्दा वढी व्यक्तिले आर्थिक सहयोग गरेको उनले बताए । 'एकका लागि एक' अभियान संवाद समूह झापाको संयोजन र सहजीकरणमा सञ्चालन भइरहेको बताइएको छ ।

## खर्च अभावमा...

नगर तथा वडाबाट समेत सकेको सहयोग गर्ने प्रतिवद्धता गरेका छन् ।

तामाङको बिर्तामोडको सञ्जीवनी हस्पिटलमा परीक्षण गर्दा दुवै मृगौला खराव भएको थापा भएको उनका छोरा वीरवहादर तामाङले बताए । 'एक पटक डाइलोसिस गर्दा ५ हजार ५ सय लाग्छ' -छोराले भने- 'हप्तामा २ पटक गर्नुपर्छ ।' बिर्तामोडको वीएण्डसी हस्पिटलमा डाइलोसिस गराउँदै आए पनि खर्च अभावका कारण २ महिनादेखि नगरेको उनले बताए । 'आमाको उपचारमा अहिलेसम्म ९/१० लाख खर्च भइसकेको छ'- छोराले भने । दुईजना छोरा जन्मेपछि कान्छी श्रीमतीसँग बस्दै आएका श्रीमानले अहिलेसम्म फर्केर पनि नहेरेको तामाङ बताउँछिन् । श्रीमान्ले छोडेर गएपछि कुवेत बसेर कमाएको पैसाले किनेको ७ धुर जग्गा समेत उपचारका लागि बन्धकी राखेको र जोडेका गरगहना पनि सबै बेचेको उनले सुनाइन् ।


**कर्मचारी तु-आवश्यकता**

**एक प्रतिष्ठित कम्पनीको लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।**

पदः **मार्केटिङ अफिसर–** १० जना (महिला/पुरुष)

**अफिस एसिस्टेन्ट** – १ जना (पुरुष)

**शैक्षिक योग्यताः** एसईई पास

**तलबः** आपसी समझदारीमा (आकर्षक)

**सम्पर्कः ९८५२६४०८१२**

**बिर्तामोड नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

**कोरोनाको संक्रमणबाट बाँच्न सचेतना अपनाऔं**

- साथीभाइसँग हात नमिलाऔं, त्यसको सट्टा नमस्कार गरौं ।
- साबुन पानीले पटक–पटक हात धुऔं
- कसैसँग अंकमाल नगरौं, ज्वरो–खोकी लागेको मान्छेसँग नसुतौं
- अनावश्यक भीडभाडमा नजाऔं
- झ्याल ढोका बन्द गरेर सानो कोठामा धेरैजना नबसौं ।
- जंगली जनावरलाई नछुऔं, बिरामी घरपालुवा जनावरको पनि सम्पर्कमा नजाऔं ।
- सर्जिकल मास्कको प्रयोग गरौं, कपडाको मास्कले प्रदुषण मात्रै रोक्छ ।
- कोरोनाको बिरामी भेट्न जान लागेको हो भने एन–९५ मास्क नै लगाउनुपर्छ ।
- खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएको छ भने चेक गर्न जाऔं ।

बिर्तामोड नगरपालिका



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

## कविता

### रहर

ट्याक्सी चढी घुम्न जाउँला पाटन सरर
ठमेलको होली वाइनले मनै हरर
चोभारको डाँडामा चिसो हावा सरर
कुपोन्डोलमा नाङ्लो पसल राख्नेको नि इङ्लिस फरर

कपनमा जाडो बढे झरौंला सुकेधारा
बालुवाटारमा कलाकारको रमाइलो छ पारा
कमिसन र कर उठाइ
घुम्न जान्छन् अमेरिका, युरोप हुँदै अफ्रिका सारा

स्वयम्भुको उकालो धेरै कसरी म चढौंला
ठाउँ राम्रो बौद्धको, भिक्षु सँगै ध्यान बसौंला
चक्रपथमा भिड धेरै, कसरी हिँडुला
काठमाडौंमा जाम बढे, तराइतिर झरौला

किर्तिपुरको डाँडैडाँडा टी यू रंगशाला
नेपालले भिड्दै गऱ्या, म्याच हेर्न जाउँला
बसन्तपुर, नौ तले दरबारमा सेल्फी हानौंला
असन गइ चाकु ल्याउला,
लैनचौरको मैदानमा सँगै बसी खाउँला

महाराजगञ्जको वरिपरि धाउला धेरै एम्बेसी
झोला बोकी, गाडी चढी जाउँला कहिले गाउँबेसी
धुलिखेल, सिन्धुली हुँदै बर्दिबास झरेसी
धनुषामा रेल चढी झापातिर पुगौंला
दमकको भ्यू-टावर चढी सगरमाथामा हेरौंला ।

**– इश्वर पौडेल**
**देवी कलेज**

### गजल

शिशिर होइन वसन्त झैं ऊर्जा बोकी आउनु तिमी
रोपे फल्छ यही धर्तीमा अन्नबाली लाउनु तिमी

माटो नै हो हाम्रो शक्ति यही माटोले प्राण भर्छ
धान कोदो मकै रोप्दा अलिक बढी धाउनु तिमी

आफ्नै जमिन बाँझिएर चिरिदैछन् गरा आली
हलो जुवा हल्लुँड अनि पटाह नि ल्याउनु तिमी

कालो बादल मडारिँदै आकाश ढाक्न लागेको छ
चुहिनु हुन्न देशको छानो युवा मिली छाउनु तिमी

मातृभूमि सबथोक हाम्रो श्रम गरे सुन फल्छ
आफ्नै धर्ती सजाउँदै आनन्दले रमाउनु तिमी ।

**– टीका भट्टराई नेपाल**

## निबन्ध (व्यङ्ग्य)

# हाम्रा सांसदहरू भोकै तिर्खै नपरून् !


भुवन तामाङ

नेपालमा निर्वाचित जनप्रतिनिधिहरुमा वडा सदस्यहरुले समेत प्रायशः मासिक कम्तिमा ११ हजार रुपैयाँ हाराहारीको भत्ता (आर्थिक सुविधा) नगद थाप्दछन्, तर यो दर कम भयो की ?

वडा सदस्यहरु भनेका देशको ग्रासरुट लेभलका जनताहरुसँग सबैभन्दा पहिला (प्रत्यक्ष) सम्पर्कमा हुने जनप्रतिनिधिहरु हुन् । त्यसैले वडा सदस्यहरुको भत्ता धेरै कम भयो कि ? आजको महंगीको जनमाना नाथे ११ हजार त अम्मल खाँदैमा सकिन्छ । वडा सदस्यहरुको भत्ता कम्तिमा मासिक एक लाख रुपैयाँ हुनुपर्छ कि ? वडा अध्यक्षको काम झनै जिम्मेवारीपूर्ण छ । वडा र गाउँ या नगरपालिकाबीच समन्वय गर्न कम्ति गाह्रो छैन । वडाका जनताका विभिन्न पञ्जीकरण देखि, स्रोतसाधन व्यवस्थापन र विकास निर्माणका सारा कामका लागि वडा अध्यक्ष उत्तरदायी हुनुपर्छ । अलिकति यताउता भए जनताले वडा अध्यक्षको तालुमा दुकीतबला बजाउन बेर लाउँदैनन् ।

गाउँपालिका उपप्रमुख र नगरपालिका उपमेयरको जिम्मेवारी पनि निकै गहन हुने गर्दछ । गाउँ या नगरपालिकाका सम्पूर्ण काममा गाउँ / नगरपालिका प्रमुख / मेयरलाई हरदम सहयोग गर्नुपर्ने हुन्छ । मेलमिलाप (अर्धन्यायीक) कामको जिम्मेवारी पनि बहन गर्नुपर्छ । नेपालमा गाउँपालिका प्रमुख/नगपालिका मेयर हुनु भनेको गहन जिम्मेवारी सम्पादन गर्नु हो । पहिलाको गाविसको जस्तो सानो एरियामा काम गर्ने पदाधिकारी होइनन् आजका गाउँपालिका प्रमुख या नगपालिका मेयरहरु । नेपालको स्थानीय निकायका एरिया भए जति एरियाको त युरोप, नर्डिक या स्क्यान्डेभियनतिर कतिपय त देश नै छन् । त्यसैले नेपालका गाउँपालिका या नगरपालिका प्रमुखहरुको जिम्मेवारीको दायरा धेरै ठूलो छ ।

यी र यस्तै जिम्मेवारीका कारण अन्दाज लगाउन सकिन्छ कि उनीहरुका लागि भत्ता (आर्थिक सुविधाहरु) कति हुनुपर्छ ? डेढदुई लाखभन्दा कम के थाप्नु र ।

सांसदहरु देशका स्तम्भहरु हुन् । जनताका वास्तविक आवाज हुन् । प्रदेश सांसदहरुले प्रदेशको नियम कानून बनाउनेदेखि विकास निर्माणको जिम्मेवारी वहन गर्नुपर्दछ । संघीय सरकारका सांसदहरुले सिंगै देशका लागि नियम कानून बनाउनेदेखि समग्र देश विकासको काम गर्नुपर्दछ । यस्ता होनाहार सांसदहरुको भत्ता सुविधा आकर्षक हुनुपर्दछ । 'जति उच्च भत्ता उति नै उच्च र उत्कृष्ट काम' भन्ने सिद्धान्त लागू हुनुपर्दछ । त्यै भन्ठानेर होला नेपालका कतिपय प्रदेशहरुले सांसदहरुका लागि भत्ता (आर्थिक सुविधा) ह्वात्तै बढाएका छन् ।

घरज्वाइँलाई खानु कै धन्दा भने झैं गरी प्रदेश सांसदहरुले हाकाहाकी बढाए आफ्ना लागि भत्ता : समाचार अनुसार, केही महिना अघि सुदूरपश्चिम प्रदेशको मन्त्रीपरिषदले ऐन संशोधन गरी आर्थिक सेवासुविधा बृद्धि गरेको छ । बृद्धि भए अनुसार मुख्यमन्त्रीले मासिक ७१ हजार, मन्त्रीहरुले ६३ हजार, राज्यमन्त्रीले ६० हजार र सहायक मन्त्रीले ५८ हजार पाउने बनाइएको छ । त्यसैगरी प्रदेश सभाका पदाधिकारी तथा प्रदेश सभा सदस्यहरुको पारिश्रमिक सम्बन्धी ऐन संशोधन गरी १८ प्रतिशतले सेवा सुविधा बृद्धि गरिएको छ । सभामुखले ६४ हजार,




उपसभामुखले ५९ हजार, विपक्षी दलका नेताले ५९ हजार पाँच सय, सत्ता पक्षका प्रमुख सचेतक र विपक्षका प्रमुख सचेतकले ५७ हजार पाँच सय पाउने बनाइएको छ । प्रदेश सभा सदस्यहरुका लागि ५६ हजार पाँच सय पाउने बनाइएको छ । बागमती प्रदेशले पनि आर्थिक सुविधाहरु मनग्गे बढाइसकेको छ । अरु प्रदेशले पनि जनप्रतिनिधिहरुका सुविधा बढायौं भनेर हल्ला नगरेपनि उनीहरुले पनि उस्तै दरका सुविधाहरु लिइ नै रहेका छन् । प्रदेश नं. १ ले कानूनको सटिक परिभाषा पहिल्याउँदै सोही अनुसार जनप्रतिनिधिहरुलाई आकर्षक भत्ताहरु उपलब्ध गराइरहेको छ । प्रदेश नं. ५ ले चाहिँ भर्खरै, कानून संशोधन गरेर स्थानीय जनप्रतिनिधिले ७० हजारसम्म भत्ता पाउने प्रावधान बनाएको सञ्चारमाध्यमले जनाएका छन् ।

जनप्रतिनिधिहरुले पाउने आर्थिक सुविधाहरुका शीर्षकहरु : आवास, यातायात, पानी, बिजुली, टेलिफोन्, मोबाइल, इन्टरनेट, रिचार्ज, इन्धन, मोबिल, अतिथि सत्कार, जनसम्पर्क, मर्मत सम्भार, चाडपर्व, दैनिक भत्ता, भ्रमण भत्ता, बैठक भत्ता, अनुगमन भत्ता, खाना, खाजा, तातो चिसो पेय, पान सुपारी, पोशाक आदि इत्यादि चौध शीर्षकभित्र अटाइएको छ । सांसदहरुले लकडाउन अवधिको पनि सवारी भत्ता थापे भनेर केही दिनअघि समाचार प्रकाशिन भएको छ । यी त भए प्रकाशित शीर्षकहरु । श्रेस्ता खोतलेर हेरे मान्छे बेहोसै हुने र नबौरिने खालका खर्चका प्रकृति भेटिने सूत्रहरु बताउँछन् । कोरोना भाइरस महामारीका कारण लकडाउन लागू हुँदा आर्थिक रुपले जनताहरु, किसानहरु, मजदुरहरु उद्योगी, व्यापारी, व्यावसायी, पेशाकर्मी र वित्तीय संस्थाहरु टाट पल्टिएका छन् । सांसदहरुलाई चाहिँ आर्थिक स्वर्ग प्राप्त भएको छ, तर यही पनि थोरै भयो की ?

नेपालका प्रदेश सरकारहरुको आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेटहरु : सुदूरपश्चिम प्रदेशले ३३ अर्ब ३८ करोड । कर्णाली प्रदेशले ३३ अर्ब ७४ करोड । गण्डकी प्रदेशले ३४ अर्ब ८४ करोड । प्रदेश नं. ५ ले ३६ अर्ब ३५ करोड । प्रदेश नं. २ ले ३३ अर्ब ५६ करोड । प्रदेश नं. १ ले ४० अर्ब ८९ करोड र बागमती प्रदेशले ५१ अर्ब ४२ करोड बढीको बजेट निर्माण गरेको छ । यत्तिका बजेट भएपछि सांसदहरुले एक लाख रुपैयाँ पनि दुःख सास्ती भत्ता नपाउनु ? उनीहरुका लागि कम्तिमा मासिक दुईतीन लाख दरको भत्ता व्यवस्था हुनुपर्दछ । तर, यस्तो उच्चदरको आर्थिक सुविधा उपभोग गरिरहन नयाँ भिजन र मिशन भने अवश्य चाहिन्छ ।

नयाँ भिजन, मिशन : नेपाल पनि शक्तिराष्ट्र हो भनेर चिनाउनुपर्छ । यस्तो लक्ष्य प्राप्तिका लागि, नेपालको संसदले यसै हप्ता गरेको नेपालको संविधान संशोधनको अन्तर्यका लागि लिएको बोल्ड अडान जस्तै यस्तै प्रकृतिका घटनामा अटल निर्णय गर्नुपर्छ । हानिकारक शर्तसहितको खर्बभन्दा कमको अमेरीकी सहयोग 'एमसीसी' र यस्तै सहयोगलाई एकै बचनमा चाहिएन भन्नुपर्छ । कम्तिमा खर्ब कमको वैदेशिक सहयोग लिन्नौ भन्नुपर्छ । निर्भिक र स्वभिमानी स्वभाव बिजुली चम्के जस्तै र मेघ गर्जे जस्तै गरी प्रटक गर्नुपर्छ । यसो गर्दा शक्ति राष्ट्रहरुले नेपाल पनि भिन्नैखालको शक्तिराष्ट्र भएको स्वीकार्ने छन् । शक्तिराष्ट्र हुन पैसा, हतियार र ठूलो भू-भाग नै चाहिन्छ भन्ने के छ ?

नेपालको बार्षिक बजेट १५ खर्ब होइन कि ४५ खर्बको बनाउने लक्ष्य लिइनु पर्छ । यस्तो लक्ष्य प्राप्तिका लागि विश्वस्तरीय नेपाली मौलिक उत्पादन शक्ति राष्ट्रका बजारमा उच्च मूल्यमा बेच्नु सक्नुपर्छ । जस्तै हिमालयको हिउँको खानेपानी । यार्सागुम्बा, रुद्राक्ष, बुद्धचित्त, अलैँची, अनेकन जडिबुटी, मार्सी धानको चामल, चिया यस्तै यस्तै । त्यसैगरी हस्तकला, कुटिर उद्योगका उत्पादन आदिका विश्वस्तरीय मौलिक नेपाली उत्पादनहरु महंगा विश्व बजारमा उच्च मूल्यमा बेच्नुपर्छ । ठूला उद्योग र पर्यटनलाई नयाँ मोडलमा ढाल्नु पर्छ । युरेनियम लगायत खनिज पदार्थ उत्खनन्, प्रशोधन गरी बेच्नुपर्छ । साँचेर राख्दा भू-गर्भमै हराउला । अनि हेर्नुहोला नेपालमा कति पैसा ओहिरिन्छ ? त्यसपछि त सांसदहरुले महिनाको दश लाख भत्ता खान मनग्गे पुग्छ ।

सांसदहरु आफैले निर्माण गरेका कानून अन्तर्गत सञ्चालित बैंकहरुका सिईओहरुले खाइरहेका तलब भन्दा कम तलब खानु सांसदहरुका लागि लज्जाको विषय हो कि होइन ? सांसदहरुका लागि अहिलेको आर्थिक सुविधा हेर्दा त पिरलै पो लाग्छ हाव ! कठै हाम्रा सांसदहरु भोकैतिर्खै नपरुन् ।

# सादृश्य


विष्णु निरौला आचार्य

**कथा**



ज्वरोले थलिएको धेरै समयपछि बल्लतल्ल दयाराम उठ्न सक्ने भए । आफू ओछ्यान परेदेखि घर व्यवहार, खेतीपाती, वस्तुभाउ सबै उनकी अर्धाङ्गीनी रूपमतीले सम्हाल्दै आएकी थिइन् । बिरामी लोग्नेको स्याहारसुसार गर्नु, घरमा आएका मानिसको सत्कार गर्नु, खेतीपाती, वस्तुभाउ सबैकुरा जसोतसो भ्याएर दयारामलाई ओछ्यानबाट उठाइन् रूपमतीले ।

दिउँसोको चिया खाने बेला भा'थ्यो । रूपमतीले चिया बनाएर ल्याइन्, दुबैजना चिया पिउँदै दुःख-सुखका कुरा गर्न लागे । यत्तिकैमा दयारामले आफू बिरामी परेदेखि अहिलेसम्मका व्यावहारिक कठिनाइ, खेतीपाती आदिका कुरा झिके । सबैकुरा जसोतसो चलेको तर घरमा बिरामी छोडेर टाढाको गैरीखेत चाहीँ आजसम्म पुग्न नभ्याएको रूपमतीको कुरा सुनेपछि दयारामले भने- हेर रूपमती तिम्रो मधुर बोली, स्याहारसुसार, माया र ढाडसले म आफूलाई बिरामी छु भन्ने नपरिकनै म तग्रिएँ ।

धेरै समय नहिँडेकाले खुट्टा कुँजिएका छन् । अब म बिस्तारै गैरीखेत पुगेर आउँछु, तिमी सारै गलेकी छ्यौ आराम गर । रूपमतीलाई यति भन्दै दयाराम बिस्तारै गैरी खेततिर लागे । सधैं आधा घण्टामा पुगिने आज उनलाई एक घण्टा लाग्यो खेतमा पुग्न । बल्ल उनलाई आफू ज्यादै कमजोर भएको महसुस भयो । आफ्नो खेतमा पुगेपछि सबै खेत घुमेर हेर्न मन लाग्यो । सबैतिर डुल्न थाले । डुल्दै जाँदा उनी अचम्ममा परे । उनको जग्गाको तिनतिरको साँधियार एउटै व्यक्ति थिए छलनारायाण र उत्तरतिरका साँधियार थिए सेवकमान । दयाराम बिरामी परेपछि छिमेकीले उनको जग्गा जोति दिएर खेतीपाती लगाइदिएका थिए ।

यसैक्रममा सेवकमानको साँधतिरको अलिकति जग्गा खाली नै थियो दयारामको । तर पनि सेवकमान आफ्नो सिमानाभन्दा एक इञ्च अघि बढेका थिएनन् । तर, छलनारायणले भने तिनै तिरबाट आफ्नो जग्गा मिचेर सिमाना वरसम्म ल्याएको देख्दा दयाराम अचम्ममा परे । यो भन्दाअघि पनि धान रोपाइँको समयमा सिमानाको आली लगाउन छलनारायण नै अघि सर्थे र भन्थे- हेर दयाराम मेरो जग्गाको भन्दा तिम्रो जग्गाको माटो चिम्ट्याइलो छ । यस्तो माटो थप्यो भने सिमानाको आली बलियो हुन्छ त्यसैले म तिम्रो पट्टिबाट आलीमा माटो थप्छु है ।

होला भनेर दयाराम चुप लाग्थे । तर, आज उनलाई छलनारायणको कर्तुत एकएक गर्दै आँखामा नाच्न लागे । अर्काको तिरबाट माटो थप्दै आफ्नो तिरबाट आली काट्दै सिमाना मिचेको कुरा बल्ल दयारामले थाहा पाए । ज्वरोले शिथिल बनाएको शरीर रिसले पुरै भिजिसकेको थियो । घरतिर पाइला बढाउन के पछाडि फर्केका थिए छलनारायण टुप्लुक्क त्यहीँ आइपुगे र सोधे- दयाराम भाइ अब त पुरै जाति भयौ नि, यो पाली बिमारले तिमीलाई लामो समयसम्म सुतायो, निकै कमजोर पनि बनाएछ, अलि अलि उठ्दैमा यसरी हिँड्न हुन्न, फेरि बल्झ्यो भने जाति नहुन सक्छ, घर गएर आराम गर ।

छलनारायण दाइ- अब त म पूरै जाति भएँ, फेरि नबल्झेला । म बिरामी भएदेखि रूपमती नि खेतसम्म आउन भ्याइनछिन् । आज धेरैपछि खेतसम्म पुगेर आउँछु भनेर हिँडेको । यहाँ आइपुगेर हेर्दा त अचम्म लाग्यो दाइ मलाई त । तपाईंले तिनैतिरबाट सिमानाको आली सार्दैसार्दै मेरो धेरै जग्गा मिचिसक्नुभएछ । यो त राम्रो भएन नि ! मलाई त तपाईं आफ्नै दाइ जस्तो लाग्थ्यो । तर, तपाईंको त हात्तीको चपाउने र देखाउने दाँत भए जस्तै बोली एकखालको अनि व्यवहार चाहीँ अर्कैखालको रहेछ ।

जबसम्म मानिस आफ्नो बोली र व्यवहारमा तालमेल गर्दैन नि त्यसलाई विश्वास गर्नु नहुने रहेछ । अब तपाईंले यसरी अर्काको जग्गा मिच्न पाउनुहुन्न, म अमिनी ल्याएर नक्सा बमोजिमको आफ्नो जग्गा सिमाना कायम गर्छु । अब म अन्याय सहन्न दाइ । छलनारायण बोले- दयाराम तिमी बित्थामा जङ्गिदैछौ, तिम्रा हजुरबुबाले हाम्रा बालाई यहाँसम्म तिमीले कमाएर खानु भनेर उहिले बालाई देखाइदिनुभाको जग्गा हो मैले उपभोग गरेसम्मको । हेर्नुस् छलनारायण दाइ- मेरा हजुरबुबाले तपाईंको बालाई गाईको गोठ बनाउने जग्गा छैन भन्दा अहिलेलाई मेरो जग्गामा गोठ बनाउनु, पछि मेरा छोरा नातिलाई अंश गरेपछि छोड्नु भनेर गोठ बनाउन दिएको जग्गा पनि लाजै पचाएर तपाईं मेरो भन्दै हुनुहुन्छ ?छलनारायण जङ्गिए- मेरै भन्छु म किनकि आजसम्म यो मैले उपभोग गरेको जग्गा हो ।

व्यावहारिक रूपमा जसले उपभोग गरेको छ त्यो जग्गा उसैको हुन्छ । तिमीले भनेर हुन्छ ? जाऊ के गर्न सक्छौ गर । छलनारायणको यस्तो खालको धम्की सुनेपछि दयारामलाई सारै रिस उठ्यो । उनले पनि जङ्गिदै भने- मसँग लालपुर्जा छ, लालपुर्जा बमोजिमको एक इञ्च जग्गा पनि म छोड्ने छैन । तिम्रो इन्साफले होइन कानूनले निर्णय दिन्छ, मेरा पछि पनि गाउँका सबै छरछिमेकीहरु छन्, भद्र भलाद्मीहरु छन्, सत्यको पक्षमा बोल्न कोही पछि हट्दैन बुझ्नुभो तपाईंले ? दयाराम यति भन्दै आफ्नो बाटो लागे । दयारामको यो साहस देखेर छलनारायण किंकर्तव्यविमुढ हुँदै बर्बराउँदै आफ्नो बाटो लागे ।

# इन्स्टाग्राममा घटे आलियाका फलोअर्स



बलिउड नायक सुशान्त सिंह राजपुतको निधनसँगै 'परिवारवाद'को मुद्दा चर्किएको छ । योसँगै बलिउडमा 'परिवारवाद'को पछि लाग्ने र राम्रा कलाकारलाई अवसर नदिने भन्दै केही निर्माता र कलाकारलाई दर्शकले बहिष्कारको चुनौती समेत दिन थालेका छन् ।

'परिवारवाद' भएको भन्दै जारी विरोध शैली सामाजिक सञ्जालमा सबैभन्दा बढी देखिएको छ । यो मुद्दामा नायिका आलिया भट्टको सबैभन्दा धेरै आलोचना भइरहेको छ ।

सामाजिक सञ्जाल इन्स्टाग्राममा आलियालाई अनफलो गर्नेको लहर नै चलेको छ । आलियाको इन्स्टाग्राममा चार करोड ८९ लाखको हारहारीमा फलोअर्स थिए । तर, सुशान्तको निधन भएसँगै उनको फलोअर्स अहिले चार करोड ८० लाख पुगेको छ । उनलाई इन्स्टाग्राममा अलफलो गर्ने लहर नै चलेको छ ।

आलियाले सुशान्तलाई अन्तिम श्रद्धाञ्जलि दिंदै पोस्ट गरेको एक तस्वीरमा तीन लाख ७३ हजारभन्दा बढी प्रतिक्रिया आएको छ । जहाँ उनलाई गाली गर्नेको संख्या धेरै छ । अधिकांशले बलिउडमा 'परिवारवाद'लाई महत्व दिएको भन्दै आलियाको चर्को आलोचना गरेका छन् । आलियाले कैयौं प्रतिक्रियाहरू हटाएकी छन् ।

# फालुनन्दमा योगाभ्यास



युद्धबहादुर बोहोरा

**पाँचथर, असार ५।** पाँचथर जिल्लाको फाल्गुनन्द गाउँपालिकाका दुई स्थानका आयुर्वेदिक औषधालयमा बिहीबारदेखि नियमित योगाभ्यास शुरु गरिएको छ।

'योग गरौं, स्वास्थ रहौं' भन्ने नाराका साथ शारीरिक र मानसिक समस्या न्यूनीकरण गर्दै रोगप्रतिरोधात्मक क्षमतामा वृद्धि गर्ने उद्देश्यले सामाजिक दुरी कायम राखी वडा नं. ५ को फाक्तेप आयुर्वेदिक औषधालय तथा वडा नं. ७ को पिपलबोटे आयुर्वेदिक औषधालयको आयोजनामा उक्त कार्यक्रम सञ्चालन गरिएको गाउँपालिका आयुर्वेदिक शाखा संयोजक वरिष्ठ कविराज निरीक्षक राजु पराजुलीले जानकारी दिए।

विभिन्न ठाउँहरुमा योगआसनको माध्यमबाट हजारौं मानिसले स्वास्थ्य लाभ गरिरहेको अवस्थामा हालको कोरोना महामारीका समयमा कवारेन्टाइनमा राखिएका मानिसहरु योगाभ्यास मार्फत तनाव मुक्त भएको अवस्थालाई मध्यनजर गर्दै यस पालिकामा पनि योगाभ्यास आरम्भ गरिएको उनको भनाई छ।

फाक्तेप आयुर्वेदिक औषद्यालयको पुरानो भवनमा पर्याप्त ठाँउको अभाव साथै नयाँ भवन निर्माणाधीन अवश्थामा रहेकोले घुर्विसे पञ्चमीस्थित शान्ति बालविकास इङ्लिस स्कूलको योगहल अस्थायी प्रयोगका लागि विद्यालय सञ्चालक देउमान आङ्देम्वेले उपलब्ध गराएको उनले बताए।

आयुर्वेदिक स्वास्थ्य शाखाको नियमित स्वास्थ्य जीवन कार्यक्रम अन्तर्गत पायकपर्ने स्थानीय करिब ६० जना महिला र पुरुषको सहभागिता रहेको छ। उद्घाटन कार्यक्रमका प्रमुख अतिथि गाउँपालिका उपाध्यक्ष देवित्राकुमारी आङ्देम्वेले हल उपलब्ध गराएकोमा विद्यालयलाई धन्यवाद दिँदै योगाभ्यास गर्न निरन्तर जुट्न सहभागीहरुलाई उत्साहित गराएकी थिइन्।

शाखा संयोजक पराजुली, वैध राजकुमार श्रेष्ठ, भुवन पराजुली, राम कृपाल यादव र प्रमोदकुमार यादवले बिहान एक घण्टा दैनिक प्रशिक्षण गराइने बताइएको छ। संस्थाको भवन निर्माण सम्पन्न पछि यहाँबाट थेरापी, मेडिटेशन, व्यावसायिक जडिबुट्टी खेती, यसको प्रयोग साथै यो सँग सम्बन्धित विविध तालिमहरु सञ्चालन गरिने जनाइएको छ।

# बजेट छुट्याउन कनकाई शिक्षक महासंघको माग

**सुरुङ्गा, असार ५।** नेपाल शिक्षक महासंघ कनकाई नगर समितिले कनकाई नगरपालिकाले प्रस्तुत गर्ने आ. व. २०७७/०७८ को आगामी बजेटमा शिक्षातर्फ छुट्टाउने बजेटमा संघीय सरकारले शिक्षामा छुट्टाएको बजेटको प्रतिशतमा नघट्ने गरी बजेट विनियोजन गर्न माग गरेको छ।

बालशिक्षक र कर्मचारीलाई राज्यले तोकेको न्युनतम् पारश्रमिक उपलब्ध गराउनुपर्ने, सामुदायिक विद्यालयमा अध्ययनरत् कक्षा ११ र १२ का विद्यार्थीहरुलाई निःशुल्क अध्ययनको व्यवस्था गर्नुपर्ने, शिक्षक तथा कर्मचारीहरुलाई क्रमशः आईसीटी तालिम सञ्चालन गर्नुपर्ने, विद्यालय शिक्षक र नगरसँगको साझेदारीमा ल्यापटपको उपलब्ध गराइनुपर्ने, विद्यालयको आवश्यकता र योजना अनुरुप गुणस्तरीय शिक्षाका लागि प्राविलाई न्युनतम् रु. पाँच लाख, आधारभूत विद्यालयका लागि न्युनतम् रु. सात लाख, माविका लागि न्युनतम् रु. एघार लाख बजेट व्यवस्थापन गर्न माग गरिएको छ।

महासंघले कनकाई नगरपालिका प्रमुख राजेन्द्रकुमार पोखरेल समक्ष मागपत्र पेश गर्दै उक्त माग राखेको हो। नेपाल शिक्षक महासंघ कनकाई नगर अध्यक्ष शारदा पाठक र सचिव निर्मलकुमार खनालले संयुक्तरुपमा मागपत्र पेश गरेका थिए। मागपत्र ग्रहण गर्दै नगर प्रमुख पोखरेलले बजेटको परिधिभित्र रही सकेसम्म माग सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

# किसानलाई सुपारी उत्पादन तथा प्रशोधन प्रविधि तालिम



**बिर्तामोड, असार ५।** झापाको अर्जुनधारा नगरपालिका, बुद्धशान्ति गाउँपालिका र मेचीनगरपालिकामा सुपारीजोन कार्यक्रम सञ्चालनमा रहेकाले सुपारीखेती व्यवसायसँग सम्बन्धित तालिम सम्पन्न भएको छ।

बुद्धशान्ति-३ बुधबारेमा रहेको झापा उद्योग वाणिज्य संघ शाखा बुधबारेको सभाहलमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई भद्रपुर झापाको आयोजना तथा सुपारी जोन सञ्चालक समितिको सहभागितामा तीन दिने व्यवसायिक सुपारी उत्पादन तथा प्रशोधन प्रविधि बिषयक तालिम सम्पन्न भएको हो।

तालिममा बुद्धशान्ति गाउँपालिका अन्तर्गतका बिभिन्न सुपारी सहकारीमा संलग्न २४ जना सुपारी उत्पादक कृषकहरु सहभागी भएका थिए। उक्त तालिम कार्यक्रमलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना झापा प्रमुख रविन्द्र सुवेदीले एक कार्यक्रमबीच उद्घाटन गरेका थिए। कार्यक्रममा प्रशिक्षक कृष्णप्रसाद ढकाल र ध्रुव रेग्मीले सुपारी खेती र यससँग सम्बन्धित मलखाद, नर्सरी, रोपण, रोगकिरा, उपचार, अन्तरबाली र प्रशोधन सम्बन्धी बिषयहरुमा सहजीकरण गरेका थिए।

कार्यक्रममा सुपारी जोन सञ्चालक समिति संयोजक शेखरनाथ अधिकारी, वरिष्ठ कृषि अधिकृत रविन्द्र सुवेदी, उद्योग वाणिज्य संघ बुद्धशान्तिका अध्यक्ष तथा सुपारी जोन सञ्चालक समितिका उपाध्यक्ष रुद्र चापागाईं, सुपारी जोन सञ्चालक समितिका सचिव टीका पाठक र सदस्य बुद्धिमता बरालको सहभागिता रहेको उक्त कर्यक्रमको परियोजना कार्यान्वयन इकाई कार्यालयकी प्राविधिक कर्मचारी अनन्तकुमारी अधिकारीले सञ्चालन गरेकी थिइन्।

कार्यक्रममा सहभागीका तर्फबाट हेमन्ता खतिवडा र गजाधर पौड्यालले तालिम प्रशिक्षण कार्यक्रममा धेरै ज्ञान प्राप्त गर्न सकिएको भन्दै प्रशंसा गरेका थिए।

# चेतनामा आधारित वैदिक शिक्षा प्रवर्द्धन गर्ने अभियान

**झापा, असार ५।** गुरुकुल, सामुदायिक एवम् संस्थागत विद्यालयलाई चेतनामा आधारित वैदिक शिक्षाको केन्द्रका रुपमा स्थापित गर्ने अभियान शुरुवात भएको छ। यसका लागि नेपाल महर्षि वैदिक फाउन्डेशनको आयोजनामा देशका मुख्य गुरुकुल एवम् विद्यालयमा कार्यरत् भावातीत ध्यान शिक्षक, गुरुकुल एवम् विद्यालयमा स्थायीरुपमा कार्यरत शिक्षक गरी ९० जनालाई चेतनामा आधारित वैदिक शिक्षाको १६ दिने आधारभूत तालिम दिइएको छ।

सूचना प्रविधि जुमबाट दिइएको तालिमको समापन गर्दै फाउन्डेशनका अध्यक्ष दीपकप्रकाश बाँस्कोटाले चेतनामा आधारित शिक्षा विश्वव्यापीरुपमा वैदिक जागरण फैलाएका सन्त महर्षि महेश योगीको पूर्वीय दर्शनका १२ क्षेत्रका कार्यक्रम मध्ये एक रहेको बताए। अन्य देशमा चेतनामा आधारित शिक्षा कार्यक्रममा विद्यार्थीको आकर्षण बढ्दो छ, नेपालमा पनि वि.सं. २०७० देखि गुरुकुल र विद्यालयमा यो कार्यक्रम शुरु भएको हो, अब यसलाई देशभर विस्तार गर्नेछौं, यो कार्यक्रमले देशमा हत्या-हिंसा अन्त्य गरी शान्ति र समृद्धितिर लैजान सहयोग गर्नेछ' -उनले भने।

विश्वव्यापी वैदिक अभियानका प्रणेता महर्षि महेश योगीको प्रेरणामा 'विश्व शान्ति राष्ट्र' स्थापना भएको छ। यसले विश्व शान्ति स्थापनाको सङ्कल्पले नेपाल, भारत, अमेरिका, स्विट्जरल्याण्ड लगायत देशमा वैदिक रुद्राभिषेक महायज्ञ पनि सञ्चालन गरिरहेको छ।

महेश योगीले दिएको मार्गनिर्देशानुसार विश्व शान्ति राष्ट्रले कानून, शिक्षा, स्वास्थ्य, कृषि, अर्थशास्त्र, प्रशासन, वास्तु, रक्षा, सञ्चार, सङ्गीत तथा कला, धर्म तथा संस्कृति र सर्वोत्कृष्ट नीतिका रुपमा राजनीतिशास्त्रमा काम गर्ने फाउन्डेशनले जनाएको छ।

कार्यक्रममा विश्व शान्ति राष्ट्रको यज्ञ हेर्ने राजा लुइसले महर्षि योगीले 'विश्वमा वैदिक ज्ञानको नेतृत्व नेपालले गर्न सक्छ' भन्ने भनाइका आधारमा नेपालमा चेतनामा आधारित वैदिक शिक्षालाई विस्तार गर्न लागिएको बताए। नेपालमा गुरुकुलका माध्यमबाट यसको अध्ययन अनुसन्धान गर्न लागिएको हो।

फाउन्डेशनका गुरुकुल निरीक्षक अभिमन्यु नेपालका अनुसार हाल देशभरका ८८ गुरुकुलमा चेतनामा आधारित वैदिक शिक्षासहित भावातीत ध्यान र ध्यान सिद्धि कार्यक्रम लागू भएको छ। यी गुरुकुलमा विश्व शान्तिको सङ्कल्पले वैदिक रुद्राभिषेक समेत भइरहेको छ जसबाट विश्व शान्ति स्थापनामा सहयोग गर्ने आशा गरिएको छ।

विश्वव्यापी वैदिक अभियानको प्रशान्त तथा दक्षिण एसिया क्षेत्र हेर्नुहुने निर्देशक किङ्स्ली ब्रुक्सले नेपालमा कम्तीमा चार सय गुरुकुलमा १० हजार वैदिक पण्डितले विश्व शान्तिको सङ्कल्पले वैदिक यज्ञसहित चेतनामा आधारित शिक्षा लागू गर्न लागिएको बताए। दक्षिणकाली नगरपालिका-१ चम्पादेवीमा गुरुकुलसहितको महाविद्यालय सञ्चालनका लागि भवन निर्माण अन्तिम चरणमा पुगेको उनले बताए।

चम्पादेवीमा २७ रोपनी क्षेत्रफलमा हवन कुण्ड, वैदिक पण्डितलाई आवासीय रुपमा राख्ने व्यवस्थासहित पाँचवटा भवन तयार भएको छ। यहाँ प्रशासनिक भवनसहित तालीम केन्द्र समेत रहने जनाइएको छ।

सो शिक्षा लागू भएका गुरुकुल एवम् विद्यालयमा प्रमाणित ध्यान शिक्षकले दैनिक बिहान र बेलुका दुईपटक भावातीत ध्यानसहित ध्यान सिद्धि कार्यक्रम सञ्चालन गर्छन्। दिनमा दुईपटक २० मिनेट भावातीत ध्यान र २० मिनेट सिद्धि सूत्रको अभ्यास गर्दा विद्यार्थीमा नकारात्मक सोच हट्दै गएको, स्मरण शक्ति वृद्धि भएको, स्वास्थ्य राम्रो भई वार्षिक परीक्षामा पनि राम्रो परिणाम प्राप्त हुन थालेको भक्तपुरको सल्लाघारीस्थित सैनिक आवासीय महाविद्यालयमा कार्यरत ध्यान शिक्षिका पप्पीदेवी रेग्मीले बताइन्।

सैनिक विद्यालयमा वि.सं. २०७० देखि भावातीत ध्यानसहित चेतनामा आधारित वैदिक शिक्षाको कार्यक्रम शुरु भएको थियो।

त्यसैगरी वसुन्धराको तिलिङ्गाटार माध्यमिक विद्यालय, भक्तपुरकै माउण्ट एभरेष्ट मावि, पोखराको सैनिक महाविद्यालय र दाङको ज्योतिष्मति विद्यापीठमा पनि सो शिक्षा लागू भएको छ। चालू शैक्षिक सत्रदेखि कागेश्वरी मनोहरा नगरपालिका-४ मा रहेको हिन्दू विद्यापीठ नेपालमा पनि सो कार्यक्रम लागू हुने कार्यक्रम नेपालका निर्देशक मीनराज अधिकारीले जानकारी दिए।

हाल विश्वमा ६५ देशका आठ सय विद्यालयका करिब पाँच लाख विद्यार्थीमा सो शिक्षा लागू भएको उनले बताए। नेपालमा सो शिक्षा लागू गर्न चाहने अन्य विद्यालयका शिक्षकलाई पनि तालिम दिइने तयारी भएको छ। १६ दिने आधारभूत तालिम दिएपछि अन्य तालिम पनि दिइने उनले बताए।

सो शिक्षाको मुख्य आधार भावातीत ध्यान र सिद्धि कार्यक्रम हो। त्यसैगरी यसका चार आधारभूत तत्वमा चेतनाको पाठ्यक्रम, पूर्ण मानव क्षमताको ज्ञानको प्रकाशद्वारा अन्य विषयको अध्ययन, चेतनामा आधारित शिक्षण पद्धति र स्वस्थ, तनावमुक्त तालिका तथा वातावरण रहेका छन्।

# जडिबुटी प्रशोधन केन्द्र स्थापना गरिने

**इलाम, असार ५।** इलाममा उत्पादन हुने ४० प्रकारका जडिबुटी प्रशोधन गर्न १ नम्बर प्रदेश सरकारले प्रशोधन केन्द्र स्थापना गर्ने भएको छ।

उत्पादित जडिबुटी भारत र चीन निकासी हुने गरेपनि मूल्य कम हुँदा किसान समस्यामा परेपछि प्रशोधन केन्द्र स्थापना गरिने भएको हो। इलामको माइजोगमाइ गाउँपालिका-२ छिपछिपेमा पाँच रोपनी क्षेत्रफलमा प्रदेश सरकारले जडिबुटी प्रशोधन केन्द्र निर्माण गर्ने भएको सामाजिक विकास मन्त्रालयका योजना महाशाखा प्रमुख अम्बिका चौलागाईले बताए। जडिबुटीको मूल्य ८० प्रतिशतसम्म कम भएको बताइएको छ।

गाउँपालिकाका अध्यक्ष जीतबहादुर राईले उक्त जग्गादान दिएका हुन्। प्रशोधन केन्द्र बनाउन प्रदेश सभा सदस्यसहित सामाजिक विकास मन्त्रालयको प्राविधिक टोलीले बिहीबार संरचना निर्माणबारे स्थानीय जनप्रतिनिधि र किसानसँग छलफल गरेको थियो।

प्रशोधन केन्द्र बनाउन सामाजिक विकास मन्त्रालयले आर्थिक वर्ष २०७७/०७८ मा एक करोड रुपैयाँ बजेट विनियोजन गरेको मन्त्रालयका आयुर्वेद विभाग प्रमुख सरोज विश्वासले बताए। केन्द्र स्थापनापछि खेर जाने जडिबुटीले बजार पाउनुका साथै किसानको आर्थिक अवस्था वृद्धि गर्न सहयोग पुऱ्याउने प्रदेशसभा सदस्य लिम्बूले बताए।

इलामको सन्दकपुर र माइजोगमाइ गाउँपालिकामा व्यावसायिक रुपमा किसानले जडिबुटी उत्पादन गर्दै आएका छन्। 'खेती गरिएको जडिबुटीबाट किसानले अहिले उचित मूल्य पाएका छैनन्' -राईले भने- 'लेकाली बारीमा खेर गएका जडिबुटी सङ्कलन गरेर बिक्री गर्न सकिने भएकाले किसानको आर्थिक अवस्थामा सुधार हुनेछ।'

केन्द्रको काम गर्न सूर्योदय नगरपालिकाको मेची आयुर्वेद औषधालय मार्फत बजेट कार्यान्वयन हुने औषधालयका वरिष्ठ कविराज तीर्थ आचार्यले बताए। अख्तियारी आउनासाथ काम शुरु हुने आचार्यले बताए।

इलामका किसानले चिराइतो, सतुवा, लौठसल्ला लगायत ४० प्रकारका जडिबुटीको व्यावसायीक खेती गर्दै आएको डिभिजन वन कार्यालय इलामका सहायक वन अधिकृत यामबहादुर रुम्बाले बताए।


## बिमालेख हरायो

चारआलीबाट बिर्तामोड आउने क्रममा यही मिति २०७७/०१/२८ गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नामः**- टीकाराम गौतम
**ठेगानाः**- फुलबारी-२, ताप्लेजुङ
**पोलेसी नं.**:- १०१०२६७७३
**कम्पनी नामः** नेपाल लाइफ इन्स्योरेन्स क.

## वर्गीकृत विज्ञापन

### सुवर्ण अवसर

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ। तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७, ९८०६०८३८७६, ९८६२६४८२८२

### आवश्यकता

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

### सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

### अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

### पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर
### गोरखा डिपार्टमेन्ट स्टोर

हाम्रा विशेषताहरु :
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

**गोरखा डिपार्टमेन्ट स्टोर**
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४

### बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।



उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

### हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - सामाजिक तथा धार्मिक कार्यमा रुची बढ्नेछ। अनुहारमा कान्ति र मनमा शान्ति छाउला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - चोटपटकको भय छ सचेत रहनुहोला। महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला। मनमा दुविधा उत्पन्न हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - राज्यबाट मान-सम्मान पाइनेछ। श्रमको उचित मूल्याङ्कन हुनेछ। विशिष्ठ व्यक्तिको साथ पाइनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - वैदेशिक कार्य अघि बढ्नेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। मनोरञ्जनमा सहभागिता भइएला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला। नयाँ काम वा रोजगार पाइनेछ। दाम्पत्य जीवन सुखमय हुनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - मुद्दा मामिला लाग्न सक्छ। महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला। आँटेको काम बिग्रिएला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** - अरुको हित हुने काममा समय व्यतित हुनसक्नेछ। फलदायी यात्रा हुनेछ। साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। आत्मिक सन्तुष्टि मिल्नेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - चिताएको कामले तीव्रता लिनेछ। वैदेशिक कार्य अघि बढ्नेछ। राजनीति अधिकारमा सफलता मिल्नेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - मकर आर्थिक कारोवारमा मन्दी आउनेछ। आँटेको काम बिग्रिएला। चोटपटकको भय रहेको छ सचेत रहनुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - महिला मित्रबाट विशेष सहयोग मिल्नेछ। स्वादिष्ट भोजन पाइनेछ। दैनिक कार्यमा प्रगति हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - बोलीको भरमा कार्य सम्पादन हुनेछ। आँटेको र ताकेको कार्य पूरा होला। प्रेम प्रस्ताव पनि आउन सक्नेछ।